वाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाँफिकोट,रुकुम(पश्चिम)
कर्णाली प्रदेश,नेपाल
२०७३

# “लक्षित वर्ग संरक्षण कोष संचालन मापदण्ड,२०७७”

वाँफिकोट गाउपालिका

गाउकार्यपालिकाको कार्यालय,वाँफिकोट रुकुम पश्चिम

कर्णाली प्रदेश, नेपाल

२०७७

## वाँफिकोट गाउँपालिकाले लक्षित वर्ग संरक्षणकोष सञ्चालन मापदण्ड, २०७७

गाउकार्यपालिकावाट पारित मितिः२०७७।१०।१६ .

### पृष्ठभूमिः

नेपालको संबिधान, मुलुकी देवानी संहितामा महिलाको हकको सम्बन्धमा भएका व्यवस्था, लक्षित वर्ग संरक्षणका लागि विषयगत मन्त्रालय, विभागबाट निर्मित ऐन कानूनका साथै नेपाल सरकारको नीति तथा कार्यक्रम अर्न्तगतका प्राथमिकताहरु कार्यान्वयन गर्न र महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सहारा विहीन सडक बालबालिका, जीविकोपार्जनको उपाय नभएका नागरिकहरु, आदिवासी जनजातिको हक, अधिकारको संरक्षण तथा संवर्धन गरी मर्यादायुक्त जीवनयापनका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रतिवद्धताहरु व्यक्त गरेको छ । नेपाल बहुधार्मिक, बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक मुलुक भएको हुँदा विश्वमानचित्रमा विविधतामा एकता भएको मुलुकको रुपमा चिनिएको छ भने गरिवी, अशिक्षा, प्रकोप, विपत्ति, दुर्घटना, सशस्त्र द्वन्द्वको दीर्घकालीन असर, हिंसा, शोषण जोखिमजन्य अवस्था अद्यापि रहेकोले यस अवस्थाको कुशल व्यवस्थापन राष्ट्रको लागि चुनौति बनेको छ। यसर्थ वाँफिकोट गाउँपालिका अर्न्तगत हुन सक्ने यस्ता सम्भावित जोखिम एवं सकंटको अवस्थामा तत्काल राहत, उद्धार, पुनःस्थापना, पुनर्एकीकरण, पारिवारिक मिलन एवं आत्मनिर्भरता विकास मार्फत् संरक्षण प्रदान गर्न यो लक्षित वर्ग संरक्षण कोषको आवश्यकता महसूस गरी निर्माण गरिएको हो ।
लैगिक हिंसा पीडित वा प्रभावित, सङ्कटापन्न अवस्था, पारिवारिक विखण्डन, विछोड, बेवास्ताका कारण अलपत्र परेका, विपद्मा परेका, वेचविखनमा परेका, विस्थापित भएका, जोखिमावस्थामा रहेका वा उद्धार गरिएका बालबालिका, महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल उद्धार,औषधी उपचार, आधारभूत आवश्यकता पूर्ति, पुनर्स्थापना एवं व्यवस्थापन गर्ने कार्यका लागि यस नगरपालिकामा **लक्षित वर्ग संरक्षण कोष** स्थापना गरिएको हो । सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं व्यवस्थित बनाउनको लागि लैगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धी मापदण्ड २०७६, सङ्कटापन्न अवस्थाका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको तत्काल संरक्षणका लागि गैरसरकारी सेवा-प्रदायक संस्थासँग सम्बन्धनका मानदण्डहरू, २०७४ एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउपालिका अर्न्तगत सम्भावित जोखिमबाट लक्षित वर्गको संरक्षण गर्न वाफिकोट गाउपालिकाका**"लक्षित वर्ग संरक्षण कोष सञ्चालन मापदण्ड, २०७७"** तयार गरी गाउ कार्यपालिकाको मिति २०७७।१०।१६को वैठकबाट पारित गरिएको छ ।

धर्मबहादुर के.सी

अध्यक्ष

वाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश
२०७५



१) **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो मापदण्डको नाम **वाँफिकोट गाउपालिकाको "लक्षित वर्ग संरक्षण कोष संचालन, मापदण्ड, २०७७"**रहने छ ।

(ख) यो मापदण्ड वाफिकोट गाउ कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२) **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

(ख) "गाउपालिका " भन्नाले वाफिकोट गाउपालिका सम्झनु पर्नेछ ।

(ख) "कोष" भन्नाले दफा (४) बमोजिमको लक्षित वर्ग संरक्षण कोष संझनु पर्छ ।

(ग) "पीडित वा प्रभावित" भन्नाले घरेलु, लैङ्गिक तथा अन्य विभिन्न हिंसा, जोखिम तथा सङ्कटापन्न अवस्थाबाट पीडित वा प्रभावित व्यक्ति संझनु पर्छ ।

(घ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

(ङ) "लैंगिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंग, वर्ग जातजाति, क्षेत्र आदिको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा लक्षित वर्गलाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

(च) "सङ्कटापन्न" भन्नाले संकट/जोखिममा परेका व्यक्तिलाई सम्झनु पर्नेछ ।

(छ) "सङ्कटासन्न" भन्नाले संकट/जोखिममा पर्न सक्ने अवस्थामा रहेका व्यक्तिलाई सम्झनु पर्नेछ ।

(ज) "कोष संचालन समिति" भन्नाले मापदण्डको दफा (१२) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(झ) "बालबालिका" भन्नाले बालअधिकार सम्बन्धी ऐन २०७५ अनुसार १८ वर्ष उमेर नपुगेको व्यक्तिलाई सम्झनु पर्नेछ ।

(ञ) "विपत्मा परेका बालबालिका" भन्नाले बाबुआमा दुवै नभएका र कसैले पनि हेरचाह नगरेका, बाबुआमाबाट त्यागिएका वा बिछोडिएका वा घरबाट भागेका र बाबुआमा पत्ता नलागेका, बाबु, आमा वा संरक्षकबाट उचित पालनपोषण नगरी हेला र दूर्व्यवहार गरिएका, बाबु वा आमा भए पनि बालबालिकाको हेरचाह गर्न शारीरिक वा मानसिक अशक्तताका कारणले सक्षम नभएका, घर वा बसोबासको स्थायी ठेगान नभई बेसहारा वा अलपत्र अवस्थामा फेला परेका, सडक बालबालिका र जोखिमपूर्ण बालश्रममा लगाईएका, खानेबस्ने व्यवस्थाबाट समेत बञ्चित रहेका बालबालिकालाई सम्झनुपर्दछ ।



धर्मबहादुर के.सी.

(ट) "लक्षित वर्ग" भन्नाले घरेलु, लैङ्गिक तथा अन्य हिंसा पीडित महिला, जोखिममा परेका एकल महिला, विपत्‌मा परेका बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूलाई सम्झनुपर्दछ ।

(ठ) "विपद्" भन्नाले कुनै स्थानमा आपत्‌कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरण प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(डं) "पुनःर्स्थापना केन्द्र" भन्नाले मापदण्डको दफा (६) को ज(१) बमोजिमको व्यवस्थालाई सम्झनु पर्दछ ।

(ढ) "सेवाकेन्द्र" भन्नाले मापदण्डको दफा (६) को ज(२) बमोजिमको व्यवस्थालाई सम्झनु पर्दछ ।

## ३. उद्देश्य

- सङ्कटासन्न तथा सङ्कटापन्न अवस्थामा लक्षित वर्गमा संरक्षण सेवा सुलभ गराउने ।
- संरक्षण सेवामा लक्षित वर्गको पहुँच स्थापित गरी मानव अधिकार प्रर्वद्धन गर्ने ।
- जोखिम न्यूनीकरण तथा संरक्षण स्थापित गर्ने ।

## ४. कोषको स्थापना :

(१) लक्षित वर्गहरुको तत्काल उद्धार,राहत, पुनःस्थापना, पुनःएकीकरणएवं पारिवारिक मिलन गर्ने काम समेतका लागि गाउपालिकाले एक **लक्षित वर्ग संरक्षण कोष** खडा गरेको छ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

ख) गाउपालिकाको आन्तरिक स्रोतबाट छुट्याईएको रकम,

ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम,

ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज रकम

## ५. कोषमा रकम जम्मा गर्ने

गाउपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

## ६. कोषको उपयोग :

गाउपालिका भित्र फेला परेका माथि उल्लिखित लक्षित बर्गका लागि कोषको उपयोग गरिनेछ ।

(१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(घ) शिक्षा-दिक्षा, भोजन, कपडा एवं अन्य आवश्यक व्यवस्थापन गर्न,

वाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाँफिकोट, रुकुम पश्चिम
कर्णाली प्रदेश, नेपाल
२०७३



(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,
(ङ) सीपमुलक तालिम प्राप्त पीडित/प्रभावितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,
(च) जोखिममा रहेका लक्षित वर्गको सुरक्षित आश्रयका लागि सेवा केन्द्र तथा पुनःस्थापना केन्द्रमा आर्थिक सहयोग गर्न,
(छ) अति विपन्न भई जोखिममा परेकालाई जीविकोपार्जन सुधार अनुदान प्रदान गर्न,
(ज) पुनर्स्थापना, पुनःएकीकरण एवं पुनःमिलन गराउन,

**(ज)(१) पुनःर्स्थापना केन्द्रः**

मानव बेचविखन पीडित/प्रभावितलाई शारीरिक वा मानसिक उपचार, सामाजिक रुपमा पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारको मापदण्ड तथा नियमानुसार नेपाल सरकार वा गैरसरकारी संस्थाबाट संचालित केन्द्रलाई बुझिन्छ । त्यस्तो पुनर्स्थापना केन्द्रहरूले पीडित/प्रभावितहरूको आवश्यकताको आधारमा देहाय बमोजिमका सेवाहरू उपलब्ध गराउने हुदाँ जोखिममा परेका व्यक्तिहरुलाई यस मापदण्डको उद्देश्य तथा खर्च मापदण्ड बमोजिम खर्च उपलब्ध गराई आश्रय तथा पुनःस्थापना गर्न सकिनेछ ।
(क) आवासीय सेवाः खाने, बस्ने र सुत्ने सुविधा,
(ख) खानाः कम्तिमा दैनिक तीन पटक पीडित/प्रभावित तथा आश्रित बालबालिकालाई पोषणयुक्त भरपेट खाना,
(ग) लत्ता कपडाः पीडित/प्रभावितको आवश्यकतालाई हेरी बढीमा सबैखालका (भित्री बाहिरी गरेर) दुईजोर कपडा, सुत्केरी तथा महिनावारी भएका महिलाहरूलाई आवश्यक पर्ने लत्ता कपडा र आश्रित बालबालिकाका लागि समेत प्रभावित सरह आवश्यक लत्ता कपडा,
(घ) स्वास्थ्य सेवाः विभिन्न प्रकारका सरूवा रोग वा संक्रमण HIV/AIDS, HSV, क्षयरोग लगायत अन्य सरूवा रोग) को परीक्षण तथा स्वास्थ्य सेवा,
(ङ) कानूनी सेवाः पीडित/प्रभावित ब्यक्तिलाई निजको अवस्था र आवश्यकतालाई हेरी आवश्यक कानूनी परामर्श तथा सेवा, राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८ अनुसार प्रदान गरिने सेवा ,
(च) मनोविमर्श सेवाः पीडित/प्रभावितलाई आवश्यकता अनुसार नियमित मनोबिमर्श सेवा,
(छ) प्रेषण सेवाः पुनर्स्थापना केन्द्रले पीडित/प्रभावित को आवश्यकता पहिचान गरी अन्य सेवा प्रदायकहरू समक्ष प्रेषण गर्नुपर्ने कार्यको सेवा,
(ज) पुनर्मिलन तथा भेटघाटः पुनर्स्थापना केन्द्रले सम्भव भएसम्म पीडित/प्रभावितहरूको इच्छा र आवश्यकतालाई ध्यानमा राख्दै उनीहरू जन्मेको परिवारको पहिचान र मूल्याङ्कन गरी पुनर्मिलन तथा भेटघाट गराउन पहल गर्ने,
(झ) **पुनर्स्थापना र पुनःएकीकरणः** पुनर्स्थापना केन्द्रले सम्भव भएसम्म पीडित/प्रभावितहरूको इच्छा र आवश्यकतालाई ध्यानमा राख्दै पारिवारिक तथा सामाजिक पुनर्स्थापना र पुनःएकीकरणका लागि पहल गर्ने,

धर्मबहादुर के.सी.
अध्यक्ष

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम पश्चिम
कर्णाली प्रदेश, नेपाल
२०७३



(ञ) परिवारमा आधारित बैकल्पिक हेरचाहः पुनर्स्थापना केन्द्रले पीडित/प्रभावितहरू विशेषगरी बालबालिकाहरूको हकमा उनीहरू आफू जन्मेको परिवारको पहिचान र मूल्याङ्कन गरी पुनर्मिलन, पुनर्स्थापना वा पुनःएकीकरण गर्न सम्भव नभएमा परिवारमा आधारित बैकल्पिक हेरचाहका लागि आवश्यक पहल गर्ने,

ट) पीडितलाई निजको इच्छा विपरीत कसैले कुनै काममा लगाउन हुँदैन । पीडितको लागि सीपमूलक तालिम तथा रोजगारी तथा स्वरोजगारी सम्बन्धी व्यवस्था समेत पुनःस्थापना केन्द्रबाट पहल गर्ने ।

**(ज)(२) सेवा केन्द्रः**

विभिन्न किसिमका हिंसा, घटना, विपद् तथा जोखिमबाट पीडित/प्रभावितलाई तत्काल उद्धार पश्चात सुरक्षित आश्रय, उपचार, सामाजिक रुपमा पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारको मापदण्ड तथा नियमानुसार नेपाल सरकार वा गैरसरकारी संस्थाबाट संचालित केन्द्रलाई बुझिन्छ । त्यस्तो केन्द्रहरूले पीडित/प्रभावितहरूको आवश्यकताको आधारमा देहाय बमोजिमका सेवाहरू उपलब्ध गराउने हुदाँ जोखिममा परेका व्यक्तिहरुलाई यस मापदण्डको उद्देश्य तथा खर्च मापदण्ड बमोजिम खर्च उपलब्ध गराई संरक्षण प्रदान गर्न सकिनेछ ।

(क) सुरक्षित आश्रय,
(ख) औषधोपचार,
(ग) मनोसामाजिक विमर्श,
(घ) कानूनी परामर्श,
(ङ) जीविकोपार्जन तथा जीवनउपयोगी तालिम,
(च) पारिवारिक पुनर्मिलन,
(छ) आवश्यकता अनुसार सम्बन्धित निकायसंग समन्वय गर्ने ।

(झ) कोष संचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

## ९. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

कोषको रकम दफा (६) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

## १०.राहत तथा आर्थिक सहयोगको आधार र मापदण्डः

### १०.१ हिंसा पीडित/प्रभावितलाई खर्च मापदण्डः

(१) गाउपालिकाले कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

(२) कोष संचालन समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

धर्मबहादुर के.सी



प्रमाणित मितिः २०७७/१०/१५

(क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएका कोष संचालन समितिले निर्णय गरी बीस हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम

(ख) हिंसा पीडितले कुनै सीपमुलुक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताका आधारमा प्रति व्यक्ति बढीमा बीस हजार रुपैया,

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा वा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाँको दरले लागेको यथार्थ खर्च रकम,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम,

च) पीडितलाई सुरक्षित आश्रय एवं तत्काल व्यवस्थापनका लागि सेवाकेन्द्र या पुनःस्थापना केन्द्रमा राख्नुपर्ने वा पठाउनुपर्ने समितिको निर्णय अनुसार भएमा एकपटकमा बीस हजार नबढ्ने गरी खर्च रकम,

(छ) कोष संचालन समिति तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

**१०.२ जोखिम एवं संकटापन्न अवस्थामा परेका एकल महिलालाई दिइने खर्चको मापदण्डः**

(१) दफा ११ को (२) बमोजिम प्राप्त निवेदनको प्रयोजनार्थ समितिले रकम उपलब्ध गराउँदा निवेदक एकल महिलाको मागको औचित्य र निजले गर्न खोजेको कामको प्रकृति हेरी देहायको सहयोग उपलब्ध गराउन सक्नेछः

(क) प्रभावित एकल महिलाको तत्काल उद्धार, राहत, जिविकोपार्जन वा स्वरोजगार तथा पुनर्स्थापनाका लागि समितिले तोके बमोजिम रु.दश हजारमा नबढ्ने गरी आवश्यक रकम ।

ख) समितिले तोकेको अस्पतालमा उपचार गराउँदा विरामी तथा कुरुवा समेतको जोडेर निम्नानुसार सीमा नबढ्ने गरी लागेको विल वमोजिमको खर्च :

धर्मबहादुर के.सी.
अध्यक्ष



प्रमाणित मितिः २०७७।१०।१९।

(१) घरैमा बसी उपचार गराउँदा अस्पताल आतेजाते समेतको मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु. पाँच हजार सम्मको विलवमोजिमको रकम ।

(२) अस्पतालमै भर्ना भई उपचार गराउँदा अस्पताल पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्च रु.पाँच हजार एवं बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.तिन सय गरी जम्मा रु.छ हजार पाँच सय सम्मको विल वमोजिमको रकम ।

(३) विशेष अवस्थामा समितिले आवश्यकता र औचित्यका आधारमा रु. चार हजारसम्मको थप रकम स्वीकृत गर्न सक्नेछ ।

(ग) कानुनी सहायता : एक जना साथी समेत अड्डा-अदालत आतेजाते समेतका लागि मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवा बापत निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको खर्च विल वमोजिमको रकम :

(१) सामान्य अवस्थामा प्रतिब्यक्ति रु. पाँच हजार सम्म,

(२) विशेष अवस्थामा समितिले विशेष निर्णय गरेकोमा थप रु.पच्चीस सय सम्म,

घ) प्रभावित वा आश्रित एकल महिलालाई आवश्यक मनोविमर्श सेवाका लागि एकपटकमा दुई हजार रुपैयाँ नबढ्ने गरी लागेको खर्च ।

**१०.३ जोखिम एवं संकट्टापन्न तथा संकट्टासन्न अवस्थामा परेका बालबालिकालाई संरक्षणका लागि खर्च मापदण्ड:**

क) गम्भीर प्रकृतिको रोग वा घातक रोग दुर्घटना तथा चोटपटकबाट घाईते भएका वा गम्भीर शारीरिक वा मानसिक समस्या वा अपागंता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचार गर्न नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिकाको उपचार सहयोगको लागि अवस्था हेरी बीस देखी पच्चीस हजार रुपैयाँ सम्म ।

ख) अनाथ/असहाय/अशक्त बालबालिका वा बाबुआमालाई गम्भीर शारीरिक, मानसिक अपागंता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिकाको पालन-पोषण, हेरचाह, शिक्षादिक्षा तथा संरक्षणको लागि दश हजार रुपैयाँ सम्म ।

ग) जोखिममा परेका वा प्राकृतिक तथा मानवीय कारणले सिर्जित आपतकालीन बाल संरक्षणका लागि सातहजार रुपैयाँ सम्म ।

घ) अति विपन्न परिवारका बालबालिकाका लागि लत्ता, कपडा, विद्यालय पोशाक, झोला तथा शैक्षिक सामाग्री वा सामान्य उपचार सहयोग रकम पाँच हजार रुपैयाँ सम्म ।

धर्मबहादुर के.सी
अध्यक्ष



प्रमाणित मितिः २०७७।१०।१९।

ङ) घरपरिवार पुनर्मिलन तथा पुनर्स्थापना खर्च पाँच हजार रुपैयाँ सम्म ।

च) प्रभावित वा आश्रित बालबालिकाका लागि आवश्यक मनोविमर्श सेवाका लागि एकपटकमा दुई हजार रुपैयाँ नबढ्ने गरी लागेको खर्च ।

**१०.४ बेचविखन तथा ओसारपसारबाट जोखिम एवं संकटापन्न तथा संकट्टासन्न अवस्थामा परेकालाई संरक्षणका लागि खर्च मापदण्ड:**

क) पीडितलाई उद्धार गर्दा उद्धारकर्मी, सुरक्षाकर्मी, एवं पीडितका लागि सवारी साधनको भाडा, खाना र होटल बासका लागि प्रतिपीडित व्यक्ति पन्ध्र हजार रुपैयाँ सम्म बिल बमोजिमको यर्थाथ खर्च ।

ख) अस्पतालमा उपचार गराउँदा पुनःस्थापना केन्द्रमा रहँदा पीडित वा निजको कुरुवा १ जनाका लागि निम्न बमोजिम खर्च उपलब्ध गराइनेछ:

१) अस्पताल आतेजाते लागेको बिल बमोजिमको खर्च,

२) नियमित उपचारतर्फ तीन हजार पाँच सयमा नबढने गरी स्वास्थ्यकर्मीका प्रेस्क्रिप्सन अनुसार यथार्थ खर्च,

३) प्रेषित वा आकस्मिक उपचार तर्फ पन्ध्र हजार नबढ्ने गरी वा दीर्घकालीन उपचारका लागि मेडिकल बोर्डको सिफारिस अनुसार यथार्थ खर्च ।

ग) पारिवारिक पुनर्मिलनका लागि पीडित, उद्धारकर्मी, र एक जना अभिभावक समेतका लागि विल बमोजिमको यातायात, खाना र बास खर्चबापत अधिकतम जम्मा पाँचहजारमा नबढ्ने गरी लागेको यथार्थ खर्च ।

घ) पीडित वा प्रभावितलाई देहाय बमोजिमको कानूनी उपचार खर्च उपलब्ध गराइनेछ:

१) कानून व्यवसायीको शुल्क बापत पाँच हजार रुपैयाँ,

२) सवारी साधनको भाडाबापत आतेजाते लागेको बिल बमोजिमको यथार्थ खर्च,

३) खाना खाजा खर्च वापत प्रतिव्यक्ति प्रतिदिन दुई सय पचास रुपैयाँ,

४) पीडित नावालक भएमा निजको कानूनी कार्यवाही अगाडि बढाउदा उमेर प्रमाणित गर्नुपर्ने अवस्थामा उमेर प्रमाणित जाँच खर्च बिल बमोजिम यथार्थ खर्च ।

ङ) पुनःस्थापना केन्द्रमा रहदाको अवस्थामा ६(छ) महिना आवश्यकता अनुसार देहाय अनुसारको शिक्षा-दिक्षा खर्च उपलब्ध गराइनेछ:

१) विद्यालय शुल्क, शैक्षिक सामाग्री, खाजा खर्च, आतेजाते सवारी साधन समेतका लागि रु. दश हजारमा नबढ्ने गरी लागेको बिल बमोजिमको यथार्थ खर्च,

२) विद्यालय पोशाकका लागि रु.पाँच हजारमा नबढ्ने गरी लागेको बिल बमोजिमको यथार्थ खर्च ।

च)स्वरोजगारी गरी जीविकोपार्जन गर्न चाहने पीडितको व्यक्तिगत स्वरोजगारी वा जीविकोपार्जन योजनाको औचित्य र आवश्यकता, सान्दर्भिकता, विश्वशनीयता, दीगोपना एवं स्रोत समेतका आधारमा समितिको सिफारिस वा निर्णय अनुसार बढीमा प्रतिव्यक्ति रु.पच्चीस

धर्मबहादुर के.सी.

हजारसम्मको अनुदान रकम, समितिले उक्त रकमको सदुपयोग भएनभएको अनुगमन गरी नियमितता कायम गर्नुपर्नेछ ।

छ) पीडितको आवश्यकता अनुसार निजको व्यवस्थापन नहुँदा सम्म (३ देखी ७ दिन सम्म)लत्ता-कपडा, भोजनका रु. तीन हजार देखि पाँच हजार सम्म खर्च ।

ज) प्रभावित व्यक्ति वा आश्रित बालबालिकाका लागि आवश्यक मनोविमर्श सेवाका लागि एकपटकमा दुई हजार रुपैयाँ नबढ्ने गरी लागेको खर्च ।

**१०.५ जोखिम एवं संकटापन्न तथा संकट्टासन्न अवस्थामा परेका ज्येष्ठ नागरिक संरक्षणका लागि गरिने खर्चको मापदण्डः**

क) जोखिम एवं संकटापन्न अवस्थामा परेका/रहेका ज्येष्ठ नागरिकलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएका कोष संचालन समितिले निर्णयगरी बीस हजार रुपैया नबढ्ने गरी मनासीव रकम,

ख) पीडितलाई मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

ग) बेवारिसे/अशक्त अवस्थामा परेकालाई व्यवस्थापन (लत्ता, कपडा, खाना तथा आश्रय, केन्द्र) गर्न पन्ध्र हजार रुपैयानबढ्नेगरी मनासीव रकम,

(छ) कोष संचालन समिति तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा पाँचहजार रुपैयाँ ।

**१०.६.जोखिम एवं संकटापन्न तथा संकट्टासन्न अवस्थामा परेका अपाङ्ता भएका व्यक्तिको संरक्षणका लागि खर्च मापदण्डः**

क) जोखिम एवं संकट्टासन्न अवस्थामा परेका/रहेका अपाङ्गता भएका व्यक्तिलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएका कोष संचालन समितिले निर्णय गरी बीस हजार रुपैया नबढ्ने गरी मनासीव रकम,

ख) भएका व्यक्तिलाई तत्काल उद्धार, औषधी उपचारका लागि अवस्था हेरी रु. दश हजार रुपैया नबढ्ने गरी मनासीव रकम,

ग) पीडितलाई मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) बेवारिसे/अशक्त अवस्थामा परेकालाई व्यवस्थापन (लत्ता, कपडा, खाना तथा आश्रय केन्द्र, नव जीवन केन्द्र) गर्न पन्ध्र हजार रुपैया नबढ्ने गरी मनासीव रकम,

ङ) जोखिममा परेका अपागंता भएका व्यक्तिहरु जीविकोपार्जन वा स्वरोजगार अनुदान समितिले तोके बमोजिम रु.दश हजारमा नबढ्ने गरी आवश्यक रकम ।

धर्मबहादुर के.सी.
अध्यक्ष



प्रमाणित मितिः २०७७।१०।१९।

च) कोष संचालन समिति तोके बमोजिमको अन्य कामको लागि कामका प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा पाँचहजार रुपैयाँ ।

बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कर्णाली प्रदेश २०७३

**१०.७.जोखिम एवं संकटापन्न तथा संकट्टासन्न अवस्थामा परेका लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिको(LGBTI) संरक्षणका लागि खर्च मापदण्डः**

(क) पीडित/प्रभावितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएका कोष संचालन समितिले निर्णय गरी बीस हजार रुपैया नबढ्ने गरी मनासीव रकम,

(ख) पीडितले कुनै सीपमुलुक तालिम प्राप्तगरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताका आधारमा प्रति व्यक्ति बढीमा बीस हजार रुपैया,

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा वा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाँको दरले लागेको यथार्थ खर्च रकम,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम,

च) पीडितलाई सुरक्षित आश्रय एवं तत्काल व्यवस्थापनका लागि सेवाकेन्द्र या पुनःस्थापना केन्द्रमा राख्नुपर्ने वा पठाउनुपर्ने समितिको निर्णय अनुसार भएमा एकपटकमा रु. बीस हजामा नबढ्ने गरी खर्च रकम,

(छ) कोष संचालन समिति तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :**

(१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासीव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ । निवेदन साथ वडा/प्रहरी कार्यालय, सम्बन्धित वर्गका हितमा कार्यरत संघसंस्थाको सिफारिस संलग्न गर्नुपर्नेछ ।

धर्मबहादुर के.सी
अध्यक्ष



प्रमाणित मितिः २०७७।१०।१९।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथाआर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा १२(१)बमोजिमको कोषसंचालन समितिले निर्णयगरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथाआर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासीव आधार देखिएमा दफा १२(१) बमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गर्नेगरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पीडित तथा प्रभमवितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

१२. **कोष संचालन समिति गठन :**

१२.१ कोषको संचालन तथा व्यबस्थापन गर्ने प्रयोजनको लागि एक **लक्षित वर्ग कोष संचालन समिति** रहनेछ ।

समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउपालिका प्रमुख वा निजले मनोनित गरेको व्यक्ति — संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(ग) सामाजिक विकास समिति संयोजक: — सदस्य
(घ) स्वास्थ्य शाखा प्रमुख — सदस्य
(ङ) ईलाका प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि : — सदस्य
(च) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
(छ) हिंसा निवारण एवं संरक्षणको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु मध्येबाट समितिले मनोनित गरेको एकजना सदस्य: — सदस्य
(ज) महिला, बालबालिका तथा समाजकल्याण शाखा प्रमुख — सदस्य-सचिव

समितिले आवश्यकता महसुस गरेमा कुनै कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

१३. **समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कोषवाट सहयोग माग भै आएका निवेदन उपर छानवीन गर्ने,
ख) प्रदत्त सेवाको गुणस्तर तथा त्यसको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने,
ग) वास्तविक पीडित-प्रभावित तथा संकटापन्न अवस्थामा रहेका लक्षित वर्गको पहिचान गर्ने र राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,
घ) कोषवाट सहयोग प्राप्त रकमको दुरुपयोग हुनवाट रोक्न आवश्यक व्यवस्था मिलाउने,
ङ) विभिन्न सरोकारवाला निकाय माझ सहकार्य वढाउने,
च) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

धर्मबहादुर के.सी
अध्यक्ष



प्रमाणित मितिः २०७७।१०।१९।

छ) लक्षित वर्गको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय तथा सिफारिस गर्ने,

ज) उद्धार, पुनःस्थापना, पुनःएकीकरण तथा पुनःमिलन प्रयोजनार्थ आर्थिक सहयोग उपलब्ध गराउने

झ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

ञ) कोषमा रकम वृद्धिको लागि खोजी गर्ने,

ट) समितिको निर्देशन वमोजिमका लक्षित वर्ग सम्बन्धी अन्य कार्यहरु गर्ने वा गराउने ।

१४. **समितिको बैठक र निर्णय :**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

ग) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ,

घ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ,

ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

च) समितिले आवश्यकता अनुसार गाउपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

छ) समितिको निर्णय समितिको सदस्य सचिवबाट प्रमाणित गरी राख्नुपर्नेछ,

ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

१५. **समितिको प्रशासनिक खर्च :**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

१६. **खाता सञ्चालन :**

क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै वा लक्ष्मी बैंक लिमिटेडको खाता खोली जम्मा गर्नुपर्दछ।

ख) उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१७. **कोषको लेखा र लेखापरीक्षण :**

कोषको लेखा र लेखापरीक्षण गाउपालिकाले अपनाएको लेखा प्रणाली र लेखापरीक्षण प्रक्रिया बमोजिम हुनेछ ।

१८. **कोषको रकम फ्रिज नहुने :**

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१९. **प्रतिबेदन पेश गर्ने :**

धर्मबहादुर के.सी.
अध्यक्ष

बाँफिकोट गाउँपालिकाको कार्यालय कर्णाली प्रदेश २०७३

१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गाउपालिकामा पेश गर्नु पर्नेछ ।

२) उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिबेदन गाउपालिकाले सार्बजनिक गर्नेछ।

२०. **बैठक भत्ता :**

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत गाउ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

२१. **कोषको सचिवालय** : कोषको सचिवालय गाउ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

२२. **अभिलेख राख्ने** :समितिले आफूले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२३. **निर्देशन दिन सक्ने** :

क) गाउ कार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ।

ख) उपदफा (क) बमोजिम गाउ कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२४. **अधिकार प्रत्यायोजन :**

समितिले यस कार्यबिधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आबश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा गाउकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५. **कोष खारेज हुन सक्ने :**

क) कुनै कारणबश कोष संचालन गर्न आवश्यक नदेखिएमा गाउ कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

ख) उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउ कार्यपालिकाको बैठकबाट हुनेछ ।

धर्मबहादुर के.सी
अध्यक्ष

## अनुसुची १

निवेदन ढाचाँ

(दफा .... को (...) सम्बन्धित)

विषयः सहयोग उपलब्ध गराईपाँउ सम्बन्धमा ।

श्री संयोजक ज्यू,
लक्षित वर्ग संरक्षण कोष संचालन समिति,
वाफिकोट गाउपालिका ।

म......................मा बस्ने...............को .................मिति...........मा ............................बाट पीडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। मेरो समस्याका कारण मेरो मानसिक/ शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानूनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनःर्थपना/पारिवारिक मिलन/अन्य....... कामको लागि सहयोगको आवश्यकता परेको हुदाँ लक्षित वर्ग संरक्षण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु।

**निवेदक**

नाम थरः ...........................

ठेगानाः ...............................

अभिभावकको नाम, थर र ठेगानाः
सम्पर्क नम्बर ......................

दस्तखतः ............................

मितिः.................................

**भुक्तानीका लागि आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा परिचय खुल्ने कागजात,
२. सम्वन्धित वडा कार्यालयको सिफारिस,
३. उपचार सम्बन्धमा विलभर्पाई तथा प्रेस्क्रिप्सन,
४.अन्य खर्च संग सम्वन्धित आवश्यक कागजातहरु ।

**द्रस्टव्यः(लक्षितबर्ग भित्र पर्ने यस नगरपालिकाको क्षेत्रभित्र फेला परेका वा अन्य राज्य वा पालिकाका व्यक्तिको हकमा समेत लागू हुने भएकोले सोही व्यहोराको सिफारिस वडा कार्यालयबाट प्राप्त भएमा निजको परिचय खुलेको मानिनेछ।)**